कृषि तथा वनविज्ञान विश्वविद्यालय

# पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय

## डीनको कार्यालय

रामपुर, चितवन

२०७०।०५।२७

### वि.भि.एस्सी.एण्ड ए.एच. (भेट्नरी) र वि.एस्सी.फिसरीजमा विद्यार्थी भर्ना सम्बन्धि

## सूचना

शैक्षिक वर्ष २०७०।७१ को लागि यस कृषि तथा वनविज्ञान विश्वविद्यालय पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय रामपुरमा संञ्चालन हुने पशुचिकित्सा (B. V. Sc. & A. H.) र मत्स्यविज्ञान (B. Sc. Fisheries) स्नातक तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्बन्धि कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराइन्छ । आवेदकले आवेदन फारम साथ आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्र, लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाण पत्रको प्रतिलिपिहरु र हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ (तिन) प्रति संलग्न गर्नुपर्नेछ । साथै यस विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट प्रमाण पत्र तह उत्तीर्ण गर्ने आवेदकहरुले समान स्तर निर्धारणको प्रमाण पत्र र मुल प्रमाण पत्र (Certificate) वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) को प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

१. **आवश्यक न्युनतम शैक्षिक योग्यता:** एस.एल.सी.वा सो सरहको परीक्षा उत्तिर्ण भई आई.एस्सी. (विज्ञान) वा कृषि विज्ञान वा १०+२ वा आई.एस्सी. (कृषि तहमा कम्तीमा १०० पुर्णाङ्कको अंग्रेजी, र वायोलोजी र कम्तिमा ५० पुर्णाङ्कको गणित, फिजिक्स र केमेष्ट्री विषय अध्ययन गरी कुल प्राप्तांङ्कको ५०% (पचास प्रतिशत) अङ्क प्राप्त गरी उत्तिर्ण भएको हुनु पर्नेछ । महिलाको हकमा कम्तीमा ४५% अंङ्क प्राप्त गरी उत्तिर्ण भएको हुनु पर्नेछ ।

२. आवेदन फारम शुल्क रु.५००। (पाँचसय) लाग्नेछ ।

३. प्रवेश परीक्षा शुल्क रु.१,५००। (एकहजार पाँचसय) लाग्ने छ ।

४ आवेदन फारम वितरण गरिने मिति र स्थान: २०७० भाद्र २८ गते देखि कार्तिक १० गते सम्म पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय डीनको कार्यालय रामपुर, केन्द्रीय कार्यालय, भरतपूर तथा सम्पर्क कार्यालय मिनभवन, काठमाण्डौंबाट कार्यालय समय भित्र (विदाको दिन बाहेक) फारम लिन र बुझाउन सकिनेछ । तर मिति ०७० कार्तिक ११ गते देखि ०७० कार्तिक १५ गते सम्म कार्यालय समय भित्र (विदाको दिन बाहेक) प्रवेश परीक्षा शुल्कको दोब्बर शुल्क तिरी डीनको कार्यालय रामपुरवाट मात्र आवेदन फारम लिन र बुझाउन सकिनेछ ।

यस विश्वविद्यालयको वेभसाइट www.afu.edu.np वाट आवेदन फारम Down load गर्न सकिनेछ । त्यस्ता आवेदन फारम वापत नियमानुशार लाग्ने शुल्क फारम दर्ता गर्ने समयमा बुझाउनु पर्नेछ ।

५. संलग्न हुनुपर्ने आवश्यक कागजात अपुग भएको वा हुलाकबाट पठाइएको तोकिएको ठाउँ बाहेक अन्य ठाउँमा दर्ता गरिएको वा बुझाइएको वा अन्य माध्यमबाट पठाईएको आवेदन फारम उपर कुनै कार्वाही गरिने छैन ।

६. दुईवटै कार्यक्रममा आवेदन दिन चाहनेले छूट्टा छूट्टै फारम भर्नुपर्नेछ ।

७. **प्रवेश परीक्षा हुने मिति:** B. V. Sc. & A.H. र B. Sc. Fisheries : २०७० कार्तिक २७ गते ११ वजे

स्थान: पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय डीनको कार्यालय रामपुर चितवन

८. **भर्ना सम्बन्धि तालिका:**

क) भर्नाको लागि २०७०।८।२ गते मेरिट कोटाको प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरुले २०७०।८।९ गते् कार्यालय समय भित्र भर्ना भैसक्नु पर्नेछ ।

ख) स्थान खाली रहन आएमा २०७०।८।१० गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०७०।८।११ गते भित्र कार्यालय समयमा भर्ना भै सक्नुपर्नेछ ।

ग) स्थान खाली रहन आएमा २०७०।८।१२ गते तेश्रो नामावली प्रकाशित गरिनेछ । तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले २०७०।८।१३ गते कार्यालय समय सम्म भर्ना भै सक्नु पर्नेछ ।

९. **भर्नाको आधार:** प्रवेश परिक्षाको प्राप्ताङ्कलाई ८०%, प्रमाण पत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सो को आधारमा योग्यताको क्रमको सुची तयार गरी योग्यता क्रम अनुशार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तिर्णाङ्क ५०% हुनेछ ।

१०. प्रमाणपत्र तह स्तरको निम्न विषयहरु र प्रश्न संख्या प्रवेश परीक्षाको प्रश्न पत्रमा समावेश गरिनेछ र सबै प्रश्न पत्रहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice objective type) को हुनेछ ।

११. प्रवेश परीक्षामा ८० वटा प्रश्नहरु हुनेछन् जसको लागि १ घण्टाको समय दिइनेछ ।

क) अंग्रेजी -१२ ख) केमेस्ट्री -१२ ग) फिजिक्स -१२ घ) वोटनी - १२ ङ) जुलोजी -१२ च) गणित -१२ र छ) सामान्य ज्ञान -८

१२. विश्वविद्यालय विकास शुल्क (UDF) अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढांचामा नियमानुशार आवेदन दिनु पर्नेछ । साथै त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागि योग्यताक्रमको आधारमा भर्ना लिइने छ ।

१३. छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, शहिद परिवार, स्टाफ र पाँच विकाश क्षेत्रका विद्यार्थीहरुको लागि केही सिट छूट्याइएको छ । पांच विकास क्षेत्रको क्षेत्रिय कोटाको लागि पुर्ण सरकारी अनुदानमा संञ्चालित सामुदायिक माध्यमिक विद्यालयवाट एस.एल.सी. परीक्षा उत्तिर्ण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुंदा उक्त कोटामा भर्ना पाउन इच्छूक भएमा आवेदकले आफुले एस.एल.सी.उत्तिर्ण गरेको विद्यालय पुर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्वन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारीस पत्र आवेदन फारममा संलग्न गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फारम उपर कुनै कार्वाही हुने छैन । त्यस्ता विद्यार्थीहरुको संख्या अपुग भएमा मात्र अन्य विद्यार्थीहरुलाई मेरीट योग्यताक्रमको आधारमा निर्धारीत कोटामा भर्ना लिइने छ । छात्रा कोटा र क्षेत्रिय कोटा बाहेक अन्य कोटामा भर्ना हुन इच्छूकहरुले प्रवेश परीक्षा उत्रिर्ण हुने विद्यार्थीहरु मध्ये

वि.भि.एस्सी. एण्ड ए.एच.र वि.एस्सी.फिसरीज तहको लागि २०७०।८।१३ गते कार्यालय समय भित्र निम्नानुसारको कोटाको लागि निम्नानुसारको निकायको प्रमाण सहितको तोकिएको अवधि र ढांचामा नियमानुसार आवेदन दिनु पर्नेछ । उक्त कोटामा भर्ना हुन आवेदन दिनेहरु मध्ये निर्धारीत कोटामा योग्यताक्रमको आधारमा भर्ना लिइनेछ ।

क) दलित कोटा: राष्ट्रिय दलित आयोग
ख) मधेशी कोटा: सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय
ग) जनजातीकोटा: आदिवासी जनजाती राष्ट्रिय महासंघ
घ) अपाङ्ग कोटा: बाल वालिका महिला तथा समाज कल्याण मन्त्रालय ।
ङ) शहिद कोटा: नेपाल सरकार
च) द्न्द पिडित परिवार कोटा: नेपाल सरकार
छ) स्टाफकोटा: सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकता प्रमाणपत्र

१४. वि.भि.एस्सी एण्ड ए. एच. र वि.एस्सी. फिसरीजको लागि क्रमश: ५० र १५ विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालय संग MOU भएका नेपाल सरकार, नेपाल कृषि अनुशन्धान परिषद तथा अन्य संघ संस्थावाट MOU भएका मनोनयन भई आउने मनोनयी व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन । निर्धारित कोटा रिक्त हुन गएमा मेरीट कोटामा समावेश गरिने छ।

**कोटा विवरण:**

| विवरण | वि.भि.एस्सी. एण्ड ए.एच. | वि.एस्सी. फिसरीज |
|---|---|---|
| मेरिट | २५ | ६ |
| क्षेत्रिय | ५ | |
| दलित | १ | १ |
| जनजाती | १ | |
| मधेसी | १ | १ |
| छात्रा | २ | १ |
| अपाङ्ग | १ | १ |
| शहिद परिवार | १ | १ |
| द्वन्द पिडित | १ | |
| स्टाफ सहुलियत | १ | १ |
| स्टाफ पुर्ण शुल्क | १ | |
| UDF | १० | ३ |

१५. भर्ना हुनको लागि आवेदन फारममा संलग्न सम्पुर्ण प्रमाणपत्रका प्रतिलिपिहरुको सक्कलै प्रमाण पत्रहरु ल्याउनु पर्नेछ ।

१६. अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रमाण पत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्ने समयमा Migration certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदी उक्त समयमा Migration certificate नबुझाइ A.F.U. Registration गर्न समस्या भएमा सो को जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

१७. सबै विद्यार्थीलाई छात्रावास उपलब्ध गराउन संकाय बाध्य हुने छैन ।

**डीन**